नेपाल सरकार
गृह मन्त्रालय
☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com

# जिल्ला प्रशासन कार्यालय

## नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

## कावासोती

पत्र संख्या : ०७८/७९

मिति : २०७८।१०।२५

**नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाका प्रमुख जिल्ला अधिकारीवाट जारी आदेश**

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ नयाँ भेरियन्ट (ओमिक्रोन) सहितको संक्रमण यस जिल्लामा समेत तिव्र रुपमा फैलिएको सन्दर्भमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०९।३० को निर्णय, गृह मन्त्रालयको च.नं. १६७९ मिति २०७८।१०।२३ को निर्देशन र जिल्ला कोभिड व्यवस्थापन समितिको मिति २०७८।१०।२५ को निर्णय समेतको आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ तथा र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।१०।२५ गते राती १२:०० बजे देखि अर्को आदेश जारी नभएसम्मका लागि नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाभर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ :-

**देहाय**

१) सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप सञ्चालन नगर्ने/नगराउने।

२) गोष्ठी, सेमिनार, बैठक जस्ता कार्यक्रम सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी र एन्टिजेन परीक्षण गरि रिपोर्ट नेगेटिभ आएका खोपको पुरा मात्रा लगाएका बढीमा २५ जना मात्र सहभागी रहने गरी सञ्चालन गर्ने ।

३) सिनेमा हल, डान्स बार, दोहोरी, नाचघर, क्लव, जिम खाना, स्विमिङ पुल, पटके हाटबजार र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रममा जनस्वास्थ्य र सुरक्षाको मापदण्ड परिपालना गर्ने गरी २०७८ फाल्गुण १ बाट राती ९ बजेमा नबढ्ने गरी सञ्चालन गर्ने ।

४) विद्यालय/शिक्षण संस्था २०७८ फाल्गुण १ बाट स्वास्थ्य सुरक्षाको मापदण्ड पालन गरी/गराई सञ्चालन गर्ने सम्बन्धमा गाउँपालिका तथा नगरपालिकाले आवश्यक निर्णय गर्ने । यसरी विद्यालय सञ्चालन गर्नु पर्दा १२ वर्ष पुरा भएका विद्यार्थीका हकमा नियमित रुपमा तथा १२ वर्ष पुरा नभएका विद्यार्थीका हकमा आलोपालो दिन वा सिफ्टमा कक्षा सञ्चालन गर्ने । शिक्षण संस्था सञ्चालन रहेको अवस्थामा विद्यालय/स्थानीय तहले विद्यार्थीले माक्स अनिवार्य लगाउने व्यवस्था मिलाउने ।

५) सपिङ मल, डिपार्टमेण्ट स्टोर, सुपर मार्केट वा अन्य प्रकारका पसल एक पटकमा पच्चीस जना भन्दा बढी नहुने र जनस्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्ने/ गराउने साथै जनस्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्ने-गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने गरी सञ्चालन गर्ने ।

६) पार्टी प्यालेसहरुले जनस्वास्थ्यका मापदण्ड पालना गर्दै एक पटकमा १०० जनामा नबढ्ने गरी सञ्चालन गर्ने ।

७) मठ, मन्दिर, मस्जीत, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा स्वास्थ्य तथा सुरक्षाको मापदण्ड पालन गरी गराई २५ जनाको आलोपालोमा पूजा पाठ ध्यान वा प्रार्थना गर्ने/गराउने ।

८) खेलकुद कार्यक्रम सञ्चालन गर्दा एक पटकमा कुल दर्शक क्षमताको पचास प्रतिशतमात्र उपस्थित रहने गरी जनस्वास्थ्यको मापदण्ड पालन गर्ने ।

९) माथि उल्लेख भए बाहेकका एक पटकमा पच्चीस जना भन्दा बढी जम्मा हुने क्रियाकलाप सञ्चालन गर्नु परेमा प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृतिमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी मात्र सञ्चालन गर्ने ।

१०) सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहायका मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्ने :-

(क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

प्रमुख जिल्ला अधिकारी

☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
## कावासोती

पत्र संख्या : ०७८/७९

(ख) सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क अनिवार्य लगाउने, कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउने,

(ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्ने,

(घ) चालक तथा सहचालकले मास्क र फेससिल्ड लगाउने-,

(ङ) सवारी साधनलाई दैनिक रूपमा निसङ्क्रमित गर्ने,

(च) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

११) कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने। कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउने। मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने।

१२) होटेल तथा रेष्टुरेण्टले देहायबमोजिमका मापदण्ड पालना गरी सेवा दिनेः-

(क) होटेल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रूपमा मास्क, फेस लगाउनेसिल्ड र पन्जा-,

(ख) होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

(ग) कुल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,

(घ) सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

(ङ) होटेल तथा रेष्टुरेण्टलाई नियमित रूपमा निसङ्क्रमित गर्नु पर्ने,

(च) होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने,

(छ) खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्न दिने,

(ज) राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटल तथा रेष्टुरेण्टहरुले बुँदा नं. छ) बाहेकका जनस्वास्थ्यका अन्य मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

१३) जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को चिह्न वा लक्षण देखिएमा अनिवार्य रूपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र ५ दिन पछि कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने ।

१४) जिल्ला स्थित सबै सरकारी तथा तथा निजी कार्यालयहरु तथा बैंक तथा वित्तिय संस्थाहरुले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१५) कोभिड-१९ को रोकथाम ,नियन्त्रण ,उपचार र निगरानीका लागि आम नागरिकले देहायबमोजिम गर्नेः-

(क) जनस्वास्थ्यका मापदण्डको पूर्ण रूपमा पालना गर्ने।

(ख) घर बाहिर निस्कँदा अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने।

(ग) घर तथा सार्वजनिक स्थानमा जथाभाबी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने।

(घ) विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा पाँच दिन होम क्वारेन्टिनमा अनिवार्य रूपमा बस्ने ।

(ङ) पी.सी.आर परिक्षणका लागि प्रयोगशाला स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिंडडुल, भेटघाट र बैठक नगर्ने ।

अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com

# जिल्ला प्रशासन कार्यालय

## नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

## कावासोती

पत्र संख्या : ०७८/७९

(च) स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने।

(छ) अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने।

(ज) होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्यसम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने।

(झ) नेपाल सरकारले तोके बमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने (नगरपालिका र गाउँपालिकाले व्यवस्था गरे बमोजिम)।

**उल्लेखित आदेशको अवज्ञा गर्ने वा आदेशको कार्यान्वयनमा वाधा हुने गरी कुनै कार्य गरे/गराएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।**

९।८।२९

(सुमन घिमिरे)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी